# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, अंक-५, आ.व.२०८१/८२ भदौ, २०८१

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर



## सम्पादकीय

प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो श्रावण महिनाको खर्चमा वृद्धि भएको छ। गत वर्ष २०८०/८१ को बजेट प्रदेश सभाबाट पारित भई नसकेको हुँदा श्रावण महिनामा अनिवार्य दायित्वको मात्र खर्च भएको थियो। श्रावण महिनामा संकलन भएको राजस्व भदौ महिनामा बाँडफाँट भई प्रदेश सञ्चित कोषमा दाखिला हुने भएकोले प्रदेशको राजस्व संकलन न्यून देखिएको हो।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा
आर्थिक महाशाखा

## कोशी प्रदेशको वर्तमान आर्थिक परिदृश्य

### प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को श्रावण महिनामा जम्मा रु.१ अर्ब ४१ करोड ६ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.१ अर्ब ३९ करोड ६४ लाख र पूँजीगत खर्च रु.१ करोड ४२ लाख रहेको छ। चालु खर्चमध्ये संघ अनुदान फिर्ता तर्फ रु.१ अर्ब ३६ करोड रहेको छ।

तालिका (क) पछिल्लो दुई वर्षको श्रावण महिनाको खर्च स्थिति (रु.लाखमा)

| बजेट शीर्षक/आ.व. | २०८०/८१ | २०८१/८२ |
|---|---|---|
| चालु खर्च | १८७ | १३९६४ |
| पूँजीगत खर्च | ० | १४२ |
| स्थानीय तह अनुदान | ० | ० |
| जम्मा खर्च | १८७ | १४१०६ |
| विनियोजनको तुलनामा खर्च % | ०.१% | ४.०% |

*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

चालु आ.व.२०८१/८२ मा कोशी प्रदेशको कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ। जसमध्ये चालु खर्च रु.१४ अर्ब ४७ करोड २३ लाख, पूँजीगत खर्च रु.१६ अर्ब २० करोड २० लाख, वित्तीय व्यवस्थामा रु.२ करोड र स्थानीय तह अनुदान रु.४ अर्ब ५८ करोड ५० लाख रहेको छ।

### प्रदेश सरकारको आय

२. आ.व.२०८१/८२ को श्रावण महिनामा प्रदेश सञ्चित कोषमा रु.१९ करोड ४२ लाख राजस्व दाखिला भएको छ।

तालिका (ख) पछिल्लो तीन वर्षको श्रावण महिनाको आय स्थिति (रु.लाखमा)

| आय शीर्षक | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| आन्तरिक राजस्व | ३९२२ | २९५७ | १९४२ |
| राजस्व बाँडफाँट | ० | ० | ० |
| संघ अनुदान | ० | ० | ० |
| जम्मा | ३९२२ | २९५७ | १९४२ |

*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय।*

चालु आ.व.२०८१/८२ को बजेटको स्रोतमा आन्तरिक राजस्व तर्फ रु.४ अर्ब ९८ करोड, संघीय राजस्व बाँडफाँटबाट रु.१२ अर्ब ४० करोड ८ लाख, संघ अनुदानबाट रु.१४ अर्ब ६४ करोड ८५ लाख र नगद मौज्दातबाट रु.३ अर्ब २५ करोड व्यहोरिने अनुमान रहेको छ।

## वैदेशिक सहायता

३. नेपाल सरकारबाट स्वीकृत भई कोशी प्रदेश सरकार अन्तरगतका निकायहरुबाट कार्यान्वयन हुने वैदेशिक अनुदान तथा वैदेशिक ऋण स्रोतबाट चालु आ.व.२०८१/८२ को बजेट र परियोजनाको विवरण देहायअनुसार रहेको छ। यी आयोजना तथा कार्यक्रममा प्राप्त हुने वैदेशिक सहायताको रकम संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान अन्तर्गत समावेश रहको छ।

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | विकास साझेदार | आयोजनाको अवधि (AD) | चालु आ.व.को (रु.लाखमा) | भुक्तानी विधि | कार्यान्वयन गर्ने/ सम्बन्धित निकाय |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | दाताको संयुक्त कोष | 2019 - 2023 | ९२४ | शोधभर्ना हुने अनुदान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | उदय परियोजनाः आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | 2023-2027 | २४९६.९९ | नगद अनुदान र सोझै भुक्तानी अनुदान | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (NAFHA) | ए डि बी र जी ए ऐफ एस पी | 2022 - 2029 | १७८८ | शोधभर्ना हुने अनुदान र शो. भ. हुने ऋण | उद्योग, कृषि तथा सहकारी मन्त्रालय |
| ४. | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | यु एन - जी इ एफ | | ७५० | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५. | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | यु एन - जी इ एफ र जि सि एफ / एफ ए ओ | | ११६७ | नगद अनुदान | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. | ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP) | ए डि बी | | ८५२५ | सोधभर्ना हुने ऋण | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | स्वीट्जरल्याण्ड-एस डी सी | | ८७३ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ८. | बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुका लागि पुनः एकीकरण परियोजना पहिलो चरण | स्वीट्जरल्याण्ड-एस डी सी | | १४४ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| ९. | रोजगार प्रवर्द्धन कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | ५४ | नगद अनुदान | सामाजिक विकास मन्त्रालय |
| १०. | विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि) | एस.इ.एस.पी. | | ३१० | शोधभर्ना हुने अनुदान र शो. भ. हुने ऋण | सामाजिक विकास मन्त्रालय |
| ११. | परिवार कल्याण कार्यक्रम | दाताको संयुक्त कोष र गाभी | | १३३८ | नगद अनुदान र शोधभर्ना हुने अनुदान | आयुर्वेद स्वास्थ्य केन्द्र र स्वास्थ्य कार्यालयहरु |
| १२. | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | स्वीट्जरल्याण्ड-एस डी सी | | ६० | नगद अनुदान | स्वास्थ्य मन्त्रालय |
| | जम्मा | | | १८४२९.९९ | | |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, आ.व.२०८१/८२ को बजेट तथा कार्यक्रम पुस्तिका।*

## मन्त्रालयका गतिविधिहरु (२०८१ श्रावण)



माननीय आर्थिक मामिला तथा योजना मन्त्री र प्रदेश सचिवबीच कार्यसम्पादन सम्झौताको फोटो (मिति २०८१ श्रावण ६ गते)



मन्त्रालय र अन्तर्गतको आ.व.२०८०/८१ को वार्षिक प्रगति समिक्षा र PMDAC को बैठकको तस्वीर (मिति २०८१ श्रावण २३ गते)